# प्रदेश लोक सेवा आयोग

## (दरखास्त व्यवस्थापन र सूचना प्रकाशन शाखा)

मधेश प्रदेश
जनकपुरधाम, धनुषा, नेपाल

मितिः २०८३/०६/०७

सूचना नं: ११९/२०८३-०८४

**न्यूनतम शैक्षिक योग्यता सम्बन्धी सूचना।**

यस आयोगको सूचना नं १०७/२०८३-८४ मिति २०८३/०५/२५ गते बिहिवार प्रकाशित स्थानीय सेवा तर्फका विभिन्न सेवा समूह(अप्राविधिक/प्राविधिक) अधिकृतस्तर नवौं तहका पदहरुको खुला तथा समावेशी, अन्तर तह र आन्तरिक अन्तर सेवा प्रतियोगितात्मक परीक्षाको विज्ञापन सूचनामा आन्तरिक अन्तर सेवा प्रतियोगितातर्फ न्यूनतम शैक्षिक योग्यताबारे उम्मेदवारहरुबाट थप प्रष्ट पारिदिन अनुरोध भई आएको हुँदा आन्तरिक अन्तर सेवा प्रतियोगितातर्फ आयोगको मिति २०८३/०६/०७ गतेको निर्णयानुसार तपसिल बमोजिमको न्यूनतम शैक्षिक योग्यता रहने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिलः

स्थानीय प्रशासन सेवा, सामान्य प्रशासन समूह : मान्यता प्राप्त शिक्षण संस्थाबाट कला (आर्टस), संस्कृत, व्यवस्थापन, वाणिज्यशास्त्र, व्यापार प्रशासन, जनप्रशासन, शिक्षा शास्त्र, कानून वा विज्ञान विषयमा कम्तीमा स्नातक उत्तीर्ण।

स्थानीय इन्जिनियरिङ्ग सेवा, सिभिल समूह : मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा कम्तीमा स्नातक उत्तीर्ण।

स्थानीय शिक्षा सेवा, शिक्षा प्रशासन समूह : मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षा शास्त्र विषयमा कम्तीमा स्नातक उत्तीर्ण।

(अनन्त उपाध्याय)
शाखा अधिकृत